खडक नगरपालिका
# नगर कार्यपालिको कार्यालय
कल्याणपुर,सप्तरी
२ नं. प्रदेश, नेपाल

फोन नं. : ०३१५४००५४

पत्र संख्या : ०७५/७६
च.नं.- १२१

अत्यन्त जरुरी सूचना
प्रथम पटक प्रकाशित
मिति २०७५/०५/२२

**आ.व.२०७५/०७६ को हटिया ठेक्का र पोखरी ठेक्का सम्बन्धी सिलवन्दी दरभाउ आह्वानको सूचना!**

उपरोक्त सम्बन्धमा नगर कार्यपालिकाको मिति २०७५/४/२१ गतेको निर्णयानुसार नगरपालिकाको आन्तरिक स्रोत वृद्धिको लागि निम्नानुसारको पोखरी र हटिया ठेक्का लगाउनु पर्ने भएकोले तपसिलको शर्तको अधिनमा रही इच्छुक व्यक्ति/संस्थाहरुबाट रित पुर्वकको सिलवन्दी दरभाउपत्र आह्वानको लागि यो १५ दिने सुचना प्रकाशन गरिएको छ।

**निम्न**

| सि.नं. | विवरण | न्युनतम कबोल अंक रु. | फारम दस्तुर | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिस्वा हटिया खडक न.पा.-१ | १५००००।- | ५००।- | आ.व.२०७५/७६ | |
| २ | १ नं. वडा कार्यालय सिस्वा वेल्हीको छेउमा सानो पोखरी खडक न.पा.-१ | ३००००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ३ | साविक बनरझुला २ को पोखरी खडक न.पा.-३ | ३००००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ४ | साविक बनरझुला ४ को निलो चनदास पोखरी खडक न.पा.-३ | ९००००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ५ | सविक वडा नं. ८ को जरमन पोखरी खडक न.पा.-३ | ४५०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ६ | साविक पन्सेरा ८ को अंशारी टोल नजिकको पोखरी खडक-३ | १५०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ७ | कन्चिरा हटिया खडक न.पा.-३ | ४०००।- | ५००।- | आ.व.२०७५/७६ सम्म | |
| ८ | चौधरी टोल भदियाको पोखरी खडक न.पा.-८ | ४५०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ९ | रंजितपुरको दक्षिणवरिया पोखरी खडक न.पा.-५ | १६५०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| १० | खेसराहामा रामजानकी गुठीको पोखरी खडक न.पा.-८ | १८३०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |

**नियम तथा शर्तहरु :**

१.फारम दस्तुर हटिया/पोखरीकोलागि रु. ५००।-( पछि फिर्ता नहुने गरी )नगद लाग्ने छ। फारम खडक न.पा. को राजस्व शाखाबाट उपलब्ध हुनेछ।

२.सिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति २०७५।०६।५ गते शुक्रबार कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्ने छ।

३.सिलबन्दी दरभाउपत्र मिति २०७५।६।७ गते आइतबार समय दिनको ११:०० बजे खोलिने छ।

४.कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दाकम भएमा फारम स्वतः रद्ध हुनेछ।

५.एक ठेक्कामा कम्तीमा ३ जना व्यक्ति वा संस्थाको सिलबन्दी परेको हुनु पर्ने हुन्छ।

६.हटियाको दर रेट साविक बमोजिम हुनेछ  र सो ठेक्कामा गुदरी हाट समेत पर्नेछ।

७.धरौटीबापत ५ प्रतिशत रकम सोही ठेक्का स्वीकृत भइसकेपछि नगद बुझाउनु पर्नेछ।

८.एकमुष्ट सातदिनभित्र रकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिइनेछ। यदि एकमुष्ट रकम नबुझाएमापहिलो किस्ता ४० प्रतिशत, दोस्रो किस्ता ३० प्रतिशतर तेस्रो किस्ता ३० प्रतिशत भुक्तानी गर्नु पर्नेछ। र धरौटी ५ प्रतिशत सम्पुर्ण तिर्नु पर्ने रकम तिरे पश्चात आ.व.को. अन्तिममा फिर्ता गरिनेछ।

Scanned by CamScanner

खडक नगरपालिका
# नगर कार्यपालिको कार्यालय
कल्याणपुर,सप्तरी
२ नं. प्रदेश, नेपाल

फोन नं. : ०३१५४०० ५४

पत्र संख्या : ०७५/७६

९.एकमुष्ट वा प्रथम किस्ता वापतको ४० प्रतिशत रकम सातदिन भित्र बुझाई चलान पुर्जा लिनु पर्नेछ। नबुझाएमा नियमानुसार सिलबन्दी परेका अन्य० यक्ति वा संस्थाहरुलाई नियमानुसार ठेक्कादिइनेछ।

१०.कर पुर्जा अनिवार्य लागु गर्नु पर्ने छ। र पुर्जा रसिद ठेकेदार स्वयंमले नै छपाउनु पर्नेछ।

११.कर बापत हटिया माजिन्सी सामान उठाउन पाईने छैन।

१२. दोश्रो पक्षले कार्यक्रम सञ्चालन सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार गर्नु पर्नेछ।

१३.कबोल अंक स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले राष्ट्रिय बाणिज्य बैंक राजविराज सप्तरी स्थित यस कार्यालयको संचितकोष खाता नं.२१८०३०४०१८१०५ मानगदजम्मागर्नुपर्नेछ।

१४.ठेकेदारले सम्झौताको शर्त र नियम प्रचलित ठेक्का सम्झौता ऐन नियमतथा न.पा.को प्रत्यक्ष निति निर्देशनमा रही सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै समयमा न.पा.ले एक तर्फी सम्झौता भङ्ग गरी वैकल्पिक व्यबस्था गर्न सक्नेछ। सो निर्णय उपर कहीं कतै उजुर वाजुर लाग्ने छैन।

१५.ठेक्का स्वीकृत गर्ने वानगर्ने अन्तिमअधिकार नगरपालिकामा निहित रहनेछ।

१६.साविकगा.वि.स. पेश्कीबाँकी, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले वक्यौता रकम यस न.पा.मा नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन।

१७.ठेक्का बन्दोवस्त भई रहेको अवस्थामा रहेका पोखरी र हटियाको अवस्थामा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन् साथै पोखरीहरु सामान्य मर्मत संभार गर्नु परे ठेक्केदार स्वयंमले गर्नुपर्ने र सामान्य मर्मत संभारको रकम न.पा.मा दावि गर्न पाईने छैन।

१८.ठेक्का बन्दो वस्त भई सकेपछि कुनै किसिमको दैवीप्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम ठेक्केदार नै हुनुपर्ने र सो को कबोल गरेको रकममामिन्हाहुने छैन।

१९.एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको सिलवन्दी दरभाउ फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

२०.हटिया ठेक्का/पोखरी ठेक्का सम्बन्धी अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

..........................
निरज कुमार देव
नि.प्रमुखप्रशासकियअधिकृत

निरज कुमार देव
निमित प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner